# ब्याँस गाउँ पालिकाको विनियोजन ऐन

# २०७८/०७९

ब्यास गाउँपालिका

सून्सेरा दार्चुला

सुदुर पश्चिम प्रदेश नेपाल

२०७८ श्रावण

ब्याँस गाउँपालिकाको आीर्थक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोष बाट केहि रकम खर्च गेर्ने र विनियोजन गर्ने सम्बन्ध मा व्यवस्था गर्न बनेको ऐन ।

सभाबाट स्वीकृत मिति : २०७८/०३/२६

**प्रस्तावना :**गाउँ नगरपालिकाको आर्थिक वर्ष २०७८/७९को सेवा र कार्यहरुको लागि संचित कोष बाट केहि रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गाउँसभाले यो ऐन बनाएको छ ।

## १. संक्षिप्तनाम र प्रारम्भ

१) यस ऐनको नाम : ब्याँस गाउँपालिकाको विनियोजन ऐन २०७८ रेहेको छ।

२) यो ऐनगाउँ सभाले पारित गरेको दिन देखि तुरन्तलागु हुनेछ ।

## २) आर्थिक वर्ष २०७८/७९को निमित्त संचितकोष बाट रकमखर्च गर्ने अधिकार

(१) आर्थिक वर्ष २०७८/७९को निमित्त गाउँ कार्यपालिका वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लेखित चालु खर्च, पुजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४०१५२४४७६ अक्षरेपी (चालिस करोड पन्ध्र लाख चौविस हजार ) चार सय छहत्तर) मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचितकोष बाटखर्च गर्न सकिने छ ।

**३) बिनियोजन**

१) यस ऐन द्वारा संचित कोष बाटखर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७८को निमित्त ब्याँस गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

२) उपदफा(१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनै मा अपुगहुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षक बाट नपुगहुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षक बाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशत मा नबढ्नेगरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पुजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजन रकम साबा भुक्तानी, खर्च र ब्याज भुक्तानी शिर्षकमा बाहेक अन्यचालु खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तरगत सावा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याँज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च ब्यहोर्ने एक स्रोत बाटअन्य स्रोत मा रकम सार्न सकिने छ ।

३) उपदफा (२) माजुन सुकै कुरा लेखिएको भएता पनि एक शिर्षक बाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृती लिनु पर्नेछ ।

अर्थ मन्त्रालयले प्रयोग गर्न आदेश दिएको SUtra लेखाSoftware संचालन गर्न अनिवार्य रहेको हुँदाउक्त Software मा स्वीकृत गरिएको कार्यक्रमलाई खोल्न नमिल्ने भएको हुँदा कार्यक्रम स्वीकृत भइ सकेपछी बलल्न मिल्ने छैन ।